गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय,

पोखरा, कास्की

## सम्पत्ति तथा मालसामानको लिलाम बिक्री गर्ने सम्बन्धी सूचना

प्रकाशन मिति : २०८३/०३/२२

## सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

२०८२ भाद्र २२ र २३ मा भएको जेन्जी प्रदर्शनमा पूर्ण रुपमा जलेर अवशेष बाँकी रहेका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८३/०३/२८ को कार्यालय समय) भित्र लिलाम बिक्रीको लागि कायम भएको न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने धरौटी रकम कार्यालयको कोड नं. ३३७००३९०१४ खाता नं. ३०२०१००२०२०३००००( खातावालाको नामः प्र.ले.नि.का., कास्की) को नाममा जम्मा गरी सोको भौचर सहित निवेदन दिनुहुन यो लिलाम बढाबढको सूचना आव्हान गरिएको छ ।

१. **मालसामानको विवरण :**

| लिलाम हुने मालसामान | शुरु खरिद मूल्य | ब्राण्ड | न्यूनतम मूल्य रु. |
|---|---|---|---|
| मोटरसाइकल | २१७८९४.०० | यमाहा | रु ४२००.०० |
| मोटरसाइकल | १७१९००.०० | यमाहा | रु ४२००.०० |
| फलामे खुट्टे कुर्ची | २५००.०० | | रु २१०.०० |
| जम्मा | | | ८६१०.०० |

२. **लिलाम बढाबढ हुने मिति, समय र स्थान**
   क. मिति : २०८३/०३/३० गते।
   ख. समय : दिनको १:०० बजेदेखि २:०० सम्म ।
   ग. स्थान : भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।

३. लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम् मूल्यबाटै सुरू हुनेछ ।

४. लिलाम सकार गर्न डाँक बोल्नुअघि नै न्यूनतम मूल्यको ५ प्रतिशतले हुने रकम धरौटी राख्नुपर्नेछ ।

५. प्रत्यके पटक डाक बोल्न चाहने व्यक्तिबाट डाक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको ५ प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानुपर्नेछ ।

६. लिलाम विक्री हुने मालसामानहरु हेर्न इन्छुक व्यक्ति वा फर्महरुले कार्यालय समयभित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न सक्नु हुनेछ ।

७. लिलाम सकार गरेको मालसामानहरु सम्झौता मितिले सात दिनभित्र यस कार्यालयबाट उठाई लैजानु पर्नेछ ।

८. लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

९. स्वीकृत कबोल अंकमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर थप गरी बुझाउनु पर्नेछ ।

उपसचिव